# आ.व. २०८२/०८३ को असार महिनाको मूल्य विश्लेषण प्रतिवेदन, २०८३

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बबरमहल, काठमाण्डौ

# आ.व. २०८२/०८३ को असार महिनाको मूल्य विश्लेषण प्रतिवेदन २०८३

## १.पृष्ठभूमिः

कुनै वस्तु वा सेवाको खरिद विक्री, व्यापार एवं बजार मूल्यसँग सम्बन्धित तथ्याङ्कका साथसाथै परिवर्तित मूल्यसम्बन्धी विवरण नै मूल्य तथ्याङ्क हो।यो आर्थिक क्षेत्रको एक महत्वपूर्ण औजार हो, जसले बजारमा वस्तु वा सेवाको मूल्य कति छ, समयसँगै मूल्य बढ्यो कि घट्यो, कति प्रतिशत परिवर्तन भयो भन्ने सम्बन्धी बजारको यथार्थ अवस्थाको चित्रण गर्दछ।जस्तैः उपभोक्ताले उपभोग गर्ने वस्तु तथा सेवाहरूको आवधिक मूल्य, उत्पादकको मूल्य, कृषिजन्य वस्तुहरूको मूल्य, आयात वा निर्यात गरिएका वस्तुहरूको मूल्य, मूल्य सूचाकाङ्कहरू आदि।मूल्य धेरै किसिमका भएतापनि आधारभूत मूल्य (Basic Price), उत्पादकको मूल्य (Producers Price) र उपभोक्ताको मूल्य (Purchasers Price) मुख्य हुन्।नेपालमा मूल्यसँग सम्बन्धित तथ्याङ्कहरू मुख्यतः नेपाल राष्ट्र बैङ्क र राष्ट्रिय तथ्याङ्क कार्यालय (मूल्य शाखा) बाट प्रकाशन हुने गरेका छन्।नेपाल राष्ट्र बैंकबाट Consumer Price Index (CPI), Wholesale Price Index (WPI), Salary and Wage Rate Index (SWRI) जस्ता तथ्याङ्कहरू प्रकाशन हुने गर्दछन भने राष्ट्रिय तथ्याङ्क कार्यालयबाट औद्योगिक मूल्य (Manufacturer's Price Index and Producer's Price Index), निर्माण सामाग्री मूल्य (IPICS) तथा कृषि उत्पादनको कृषक मूल्य (APPI), Trade Margin पत्ता लगाउन Distributive Trade Survey सम्बन्धी तथ्याङ्क संकलन र प्रकाशन हुने गरेका छन्।यी निकायहरुबाट प्रकाशित तथ्याङ्कहरु सूचकाङ्कमा मात्र केन्द्रित र वस्तुगत रुपमा मात्र हुने गरेको देखिन्छ।यस परिप्रेक्षमा आम उपभोक्तालाई बजारमा वस्तुको वास्तविक बिक्री मूल्य जानकारी प्रदान गर्ने मूल्य र मूल्यलाई प्रभाव पार्ने अन्य तत्वहरूको पनि समग्र जानकारी एकै स्थानबाट प्रदान गर्न यो प्रतिवेदन तयार गरिएको हो।

उपभोक्ता संरक्षणको क्षेत्रमा अत्यावश्यक वस्तुको मूल्य अनुगमन र विश्लेषण अपरिहार्य मानिन्छ।कुनै वस्तुको आकस्मिक तथा अस्वभाविक मूल्यमा वृद्धि भएमा Price Stabilization Fund Trust बाट उक्त वस्तुको अस्वभाविक मूल्य नियन्त्रण गरि उपभोक्ता संरक्षणमा योगदान दिने गरेको पाईन्छ।नेपालको सन्दर्भमा विगतका वर्षहरूमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट उपत्यकाका विभिन्न बजार केन्द्रहरूमा गई मूल्य सूची संकलन गरि चौमासिक रुपमा चौमासिक मूल्य विश्लेषण प्रतिवेदन प्रकाशन गरिने गरिएको छ। नेपालभर रहेका वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयबाट यस विभागमा प्राप्त मासिक औषत मूल्य र विभिन्न वस्तुगत संघ संस्थाबाट मासिक रुपमा प्राप्त हुने मूल्य समेत समावेश गरि बजार मूल्यसँग सरोकार राख्ने सबैलाई मूल्यका अतिरिक्त मूल्यलाई प्रभाव पार्ने अन्य तत्व सम्बन्धी तथ्याङ्कहरूको पनि जानकारी प्रदान गर्ने उद्देश्यले मासिक रुपमा प्रतिवेदन प्रकाशन गर्दै आईएको छ। आ.व. २०८२/८३ को बैशाखसम्म चौमासिक र मासिक मूल्य विश्लेषण प्रतिवेदनहरु सार्वजनिक गरिसकिएको छ। यसका साथै असार महिनाको मूल्य विश्लेषण प्रतिवेदन समेत तयार गरि सार्वजनिक गरिएको छ।यस प्रतिवेदनमा समावेश भएका तथ्याङ्कहरू मध्ये केहिको मासिक मूल्य विभाग आफैंले प्राथमिक तथ्याङ्कको रुपमा संकलन गर्नुका साथै यस विभाग अन्तर्गतका पाँचवटा वाणिज्य कार्यालयबाट प्रत्येक महिना प्राप्त हुने मूल्य सम्बन्धी विवरण समेत प्राथमिक तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ भने यसका अलवा अधिकांश तथ्याङ्कहरू विभिन्न सरकारी निकाय, व्यापार सम्बद्ध संघसंस्था आदिबाट संकलन गरि द्वितिय तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ।यस मूल्य विश्लेषण प्रतिवेदन आम उपभोक्ता अधिकारकर्मी, विद्यार्थी, अनुसन्धानकर्ताहरू तथा मूल्यसँग सरोकार राख्नुहुने सम्पुर्ण व्यात्तित्वहरुलाई सहयोगी सिद्ध हुने आशा राखिएको छ।

## २. मूल्यः

कुनै वस्तु वा सेवाको सट्टामा तिर्नुपर्ने रकम वा आर्थिक मापनलाई मूल्य भनिन्छ। अर्को अर्थमा कुनै उत्पादन, वस्तु वा सेवाको मौद्रिक विनिमय नै मूल्य हो। बजारमा किन्ने, बेच्ने वा व्यापार गर्ने कुनै पनि वस्तुलाई तोकिएको पैसा वा रकमले मूल्यलाई बुझाउँछ। यसले कुनै चीजको मौद्रिकमानलाई प्रतिनिधित्व गर्नुका साथै खरिदकर्ता र विक्रेताहरू बीचको विनिमय मूल्यलाई प्रतिबिम्बित गर्दछ। मूल्य आपूर्ति र माग, उत्पादन लागत, प्रतिस्पर्धा, बजार प्रवृत्ति, र उपभोक्ता प्राथमिकताहरू सहित विभिन्न कारकहरू द्वारा निर्धारण गरिन्छ। आर्थिक सर्तहरूमा, मूल्यले स्रोतहरू बाँडफाँड गर्न, उपभोक्ता व्यवहार निर्धारण गर्न र बजार गतिशीलतालाई आकार दिन महत्त्वपूर्ण भूमिका खेल्छ। यसले आपूर्ति र मागलाई सन्तुलनमा राख्ने संयन्त्रको रूपमा काम गर्दछ, साथै उत्पादकहरूलाई स्रोतहरू कुशलतापूर्वक बाँडफाँड गर्नको लागि संकेत गर्दछ। वस्तुको मूल्यले बजारमा उत्पादकहरु र उपभोक्ताहरुको निर्णयहरु लाई प्रभावित गर्ने गर्दछ।

## ३. मूल्यलाई प्रभाव पार्ने तत्वहरूः

बजारमा देखिएका विभिन्न प्रकारका तत्वहरूले मूल्यमा उतारचढाव देखिने गर्दछ। धेरै कारक तत्वहरूले उत्पादन, सेवा, वा वस्तुको मूल्यलाई असर गर्न सक्छ। जसमध्येका केही तत्वहरूको बारेमा यहाँ चर्चा गरिएको छ।

**आपूर्ति र मागः** आपूर्ति र मागबीचको सम्बन्ध मूल्यलाई प्रभाव पार्ने सबैभन्दा महत्त्वपूर्ण कारकहरू मध्ये एक हो। यदि माग आपूर्ति भन्दा बढी छ भने बजारमा मूल्य बढ्छ र आपूर्ति माग भन्दा बढी छ भने बजारमा मूल्य घट्छ।

**उत्पादन लागतः** कच्चा माल सामान, श्रम, उत्पादन प्रकृया तथा उत्पादन भएको कूल परिमाणको लागतले वस्तुको मूल्य निर्धारण मा महत्वपूर्ण भूमिका खेल्छ। उच्च उत्पादन लागत भएमा अक्सर उच्च मूल्य हुने गरेको पाईन्छ।

**प्रतिस्पर्धाः** बजारमा प्रतिस्पर्धाको स्तरले मूल्य निर्धारणलाई असर गर्न सक्छ। प्रतिस्पर्धी बजारमा, व्यवसायीहरूले ग्राहकहरूलाई आकर्षित गर्न मूल्य घटाउन सक्छन् भने एकाधिकार वा कम प्रतिस्पर्धी बजारमा सामान्यतया वस्तुको मूल्य बढी रहने गरेको पाईन्छ।

**बजार सर्तहरूः** मुद्रास्फीति, मन्दी वा आर्थिक वृद्धि जस्ता आर्थिक अवस्थाहरूले उपभोक्ताको क्रय शक्तिलाई प्रभाव पार्न सक्छ जसले गर्दा पनि मूल्यमा प्रत्यक्ष प्रभाव परेको हुन्छ।

**उपभोक्ताका प्राथमिकताहरूः** उपभोक्ताका प्राथमिकताहरू र प्रवृत्तिहरूले निश्चित उत्पादन वा सेवाहरूको मागमा परिवर्तन ल्याउन सक्छ, जसले गर्दा त्यससँग सम्बन्धित वस्तुहरूको मूल्यहरूलाई असर गर्न सक्दछ।

**ब्रान्ड र प्रतिष्ठाः** राम्रोसँग स्थापित ब्रान्ड तथा प्रतिष्ठाले गर्दा उक्त ब्राण्डवाट उत्पादित वस्तु को गुणस्तर को प्रभावका कारणले गर्दा बजारमूल्यमा फरकपन आउने गर्दछ।

**सरकारी नीति, नियम तथा करः** सरकारी तवरबाट जारी गरिएका विभिन्न वाणिज्य तथा उपभोक्ता हित संरक्षण सम्बन्धी नीतिहरू, नियमहरू, राजश्व, कर आदिका कारणले प्रत्यक्ष रूपमा मूल्यहरूलाई असर गर्दछन।

**मुद्रा विनिमय दरः** अन्तर्राष्ट्रिय रूपमा व्यापार गरिएका सामानहरूको लागि, मुद्रा विनिमय दरहरूमा हुने उतार-चढ़ावले आयात र निर्यात मूल्यहरूलाई असर गर्दछ।

**मौसम र प्राकृतिक अवस्थाः** केही उत्पादन वा सेवाहरूमा मौसमी मागको उतार चढाव हुन्छ। जसले मूल्य निर्धारणलाई असर गर्न सक्छ। उदाहरणका लागि, चाडपर्वको मौसममा बिदा-सम्बन्धित वस्तुहरूको मूल्य बढ्न सक्छ।

**पूँजीको लागतः** ऋण लिने पैसा र ब्याज दरहरूले मूल्य निर्धारण निर्णयहरूलाई प्रभाव पार्न सक्छ, विशेष गरि सामान उत्पादन गर्ने उद्योगहरूको पूँजीको लागतमा हुने घटवढले गर्दा मूल्यमा प्रत्यक्ष असर देखिने गर्दछ।

**प्रविधि को प्रयोगः** प्राविधिक प्रगतिहरूले गर्दा उत्पादन प्रक्रिया र लागतहरूलाई असर गर्न सक्छ, जसले मूल्य निर्धारण रणनीतिहरूलाई समेत प्रभाव गरि मूल्यमा असर गर्न सक्दछ।

**विश्वव्यापी घटनाहरूः** प्रमुख विश्वव्यापी घटनाहरू जस्तै प्राकृतिक प्रकोपहरू, भू-राजनीतिक द्वन्द्वहरू, अन्तर्राष्ट्रिय रुपमा हुने करका दर परिवर्तन र महामारीहरूले आपूर्ति शृङ्खलामा बाधा उत्पन्न भई मूल्यमा प्रभाव पुऱ्याउन सक्छन्।

**अनुमानित मूल्यः** उपभोक्ताहरू बीचको उत्पादन वा सेवाको कथित मूल्यले उनीहरूले तिर्न इच्छुक मूल्यलाई प्रभाव पार्न सक्छ। प्रभावकारी मार्केटिङ र ब्रान्डिङले यस धारणालाई प्रभाव पार्न सक्छ।

**बजार विभाजनः** विभिन्न बजार खण्डहरूमा आधारित मूल्यहरू भिन्न हुन सक्छन।एउटै सामानको मूल्य पनि फरक फरक खण्डमा फरक फरक हुने गर्दछ।जस्तै लक्जरी बजारहरू र सस्तो बजारहरू मा पर्ने वस्तुको मूल्यमा हुने फरकपनलाई बजार विभाजनबाट हुने मूल्य भिन्नताको संज्ञा दिन सकिन्छ।

**पेट्रोलियम पदार्थको मूल्यः** पेट्रोलियम पदार्थमा को मूल्यमा हुने उतारचढावले गर्दा वस्तुको ढुवानी मा लाग्ने खर्चमा घटबढ भई लागत खर्चमा प्रभाव पार्ने हुँदा मूल्यमा प्रभाव पार्ने गर्दछ।

## ४. उपभोग्य वस्तुको मूल्य नीतिः

खाद्यान्न लगायतका उपभोग्य वस्तुको मूल्यमा वृद्धि हुँदै जाने प्रबृत्तिलाई नियोजित र नियन्त्रित गर्न नेपाल सरकारले बजार अनुगमनलाई तिब्रता प्रदान गरेको तथ्य सर्वविदितै छ। बजार व्यवस्थापन र मूल्य नियन्त्रण गर्ने सरकारी नीति र कानूनी प्रावधानहरु रहेका छन्। उपभोक्ता संरक्षण ऐन, २०७५ तथा सो सम्बन्धी नियमावली, २०७६ मा सरकारको निर्देशन उल्लंघन गर्नेलाई तत्काल कारबाही गर्न सकिने व्यबस्था समेत रहेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ मा व्यबस्था भएअनुसारको वितरण प्रणाली विकास गर्न सरकारी संस्थाहरुको क्षमता वृद्धि गर्दै खाद्यान्न अभाव भएका क्षेत्रको पहिचान गरि आवश्यक खाद्यान्नको आपूर्ति गर्न सरकारले थप व्यवस्थापन गर्नु पर्दछ। त्यसको लागि भण्डारण क्षमताको वृद्धि गर्दै कम आय भएका तथा विपन्न वर्गको पहिचान गरि अभिलेख तयार गर्नु आवश्यक हुन आउँछ।

नेपालको खाद्यान्न उत्पादन तथा माग र आपूर्तिको विश्लेषण गरि बाह्य स्रोतबाट आयात गर्न, आन्तरिक उत्पादन वृद्धि गर्ने नीति/कार्यक्रम तर्फ ध्यान दिनु पनि आवश्यक छ। यसको लागि कृषि तथा पशुपंछी विकास मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबीचको सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाई यसलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्दछ।

यस आ.व. २०८२/८३ को असारमा मुलत पेट्रोलियम पदार्थको मूल्य घट्न नसक्दा बजार मूल्यमा उतारचढाव र मूल्य सामान्य वृद्धि भएको देखिन्छ। भविष्यमा मूल्य स्थिरता कायम गरि सोही अनुसारको विकल्पको विकास गर्न सरकारी संस्थानहरूलाई पनि सक्षम तुल्याउनु पर्छ। तरकारी, फलफूल लगायत खाद्यान्नको सन्दर्भमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि, कच्चा पदार्थको मूल्य वृद्धि, आदि कारणले उत्पादन मूल्यमा वृद्धिका साथसाथै

बजारको तह धेरै हुँदा मूल्य अधिक उतारचढाव भएको देखिन्छ। यस्ता किसिमका प्रवृतिलाई निरुत्साहित गर्न व्यापारका विकल्पहरु संस्थान, सहकारी, व्यापारिक संजाल, साझेदारी जस्ता पद्धतिहरुको विकास गर्नु पनि आवश्यक छ। त्यस्तै मूल्यसूची नराख्ने पसललाई तत्काल दण्ड जरीवाना गर्ने ब्यवस्था अनुसार जरिवाना गर्नुपर्दछ भने निश्चित मूल्यको व्यवस्था गर्नका लागि थोक बिक्रेताहरूले उपभोक्ता संरक्षणमा ध्यान दिई चर्को मूल्य वृद्धि हुनबाट रोक्न सहयोग गर्नुपनि त्यतिकै अपरिहार्य छ।

यसरी बजारको मूल्य निर्धारण स्वतन्त्र अर्थ-व्यवस्थामा प्रतिस्पर्धाको आधारमा हुने भनिएपनि देशको प्रशासनिक संरचनाले त्यसको लागि नियमन कार्यलाई प्राथमिकताका साथ सम्पादन गरेमा अनियन्त्रित बजारलाई व्यवस्थित गर्न सकिन्छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई त्यस कार्यमा सरकारी निकाय तथा उपभोक्ता संघ/संगठनहरुको सहयोग अपरिहार्य रहेको छ।

### ५. मूल्य नियन्त्रण गर्ने उपायहरू:

बजारमा विभिन्न कारणवाट मूल्यमा परिवर्तन आउने भएपनि सामान्यतया मूल्यमा अधिक उतार चढाव हुनबाट रोक्न तथा असामान्य रुपमा हुने मूल्यवृद्धि तथा कालोबजारी हुन नदिई मूल्य नियन्त्रणका लागि नेपाल सरकारका तर्फबाट विभिन्न नीतिगत, कानूनी संस्थागत तथा व्यवहारिक व्यवस्था भएको छ, जसले गर्दा मूल्य नियन्त्रणमा सरकारको प्रत्यक्ष हस्तक्षेपकारी भूमिका प्रदान गरिरहेको अवस्थामा यसको अलावा देहायबमोजिमका उपायहरू अपनाउँदा अझै मूल्य नियन्त्रणलाई प्रभावकारी बनाउन सकिन्छ।

- वस्तुको उत्पादनलाई बढावा दिने,
- वितरणकारी तहहरू कम गर्ने,

- आपूर्ति व्यवस्थापन प्रभावकारी बनाउने,
- विचौलियाले मूल्य वृद्धि गर्ने प्रवृत्तीलाई अन्त्य गर्ने,
- सिण्डिकेट/कार्टेलिङ्गको अन्त्य गरि स्वच्छ प्रतिस्पर्धी बजारको निर्माण गर्ने,
- नियमित बजार अनुगमन कार्य गर्ने।

## ६. मूल्य तथ्याङ्कको महत्वः

हरेक तथ्याङ्कको जस्तै मूल्य सम्बन्धी आधिकारीक तथ्याङ्कको पनि आफ्नै महत्व रहेको छ।मूल्य तथ्याङ्कको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- विभिन्न वस्तु वा सेवाहरूको मूल्यमा आएको आवधिक परिवर्तनलाई मापन गर्न,
- उपलब्ध वस्तु तथा सेवाहरूको अवस्था यकिन गरि व्यापारिक गतिविधिको व्यवस्थापन गर्न,
- मुद्राको क्रय शक्ति (Purchasing Power of Parity) मापन गर्न,
- विगत र वर्तमानको तथ्याङ्कबाट भविष्यको मूल्य प्रणाली प्रक्षेपण गर्न,
- आर्थिक नीति निर्माण, योजना तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्न,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा मूल्यको तुलनात्मक अध्ययन गर्न,
- बजार अनुगमनको क्षेत्र पहिचान गर्न, आदि।

यसरी समग्रमा भन्दा मूल्य तथ्याङ्कको आर्थिक क्षेत्रमा अत्यन्त महत्वपूर्ण भूमिका रहेको देखिन्छ। कुनै पनि मुलुकको आर्थिक गतिविधिलाई यसले सूचकको रुपमा दर्शाउने काम गरेको हुन्छ। यस अर्थमा पनि यसले कुनै पनि देशको अर्थ व्यवस्थाको नियमन र नियन्त्रणमा सहयोग गर्दछ।

## ७. अत्यावश्यक वस्तुहरूको मासिक मूल्य समिक्षाः

### ७.१ यस विभाग र वाणिज्य कार्यालयरूबाट संकलित मूल्य तथ्यांकः

मासिक रुपमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको मातहतमा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट असार महिनामा संकलन गरिएको मासिक औषत मूल्य र वाणिज्य विभागले काठमाण्डौ उपत्यकाका विभिन्न ठाउँबाट संकलन गरेको औषत मूल्यका आधारमा देशका ६ वटा मुख्य शहरको असार महिनाको औषत खुद्रा बिक्री मूल्य यसप्रकार रहेको छ।

## तालिका नं.१ : वाणिज्य कार्यालयहरु र काठमाण्डौबाट असार महिनामा संकलित औषत बजार मूल्य प्रतिकिलो रू

| वस्तुको नाम | ईकाई | विराटनगर को असार महिनाको औषत मूल्य | विरगञ्जको असार महिनाको औषत मूल्य | भैरहवाको असार महिनाको औषत मूल्य | नेपालगञ्जको असार महिनाको औषत मूल्य | धनगढीको असार महिनाको औषत मूल्य | काठमाण्डौ उपत्यकाको असारको औषत मूल्य | न्यूनतम औषत मूल्य | अधिकतम औषत मूल्य | अन्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जनरल सोना मन्सुली | के.जी | ६७ | ६० | ८३ | ८३ | ७० | ७६ | ६० | ८३ | २३ |
| स्टिम जिरा मसिनो | के.जी | ८३ | ९७ | ८८ | ९८ | ९० | १०० | ८३ | १०० | १७ |
| जनरल जीरा मसिनो | के.जी | ९० | ९२ | ८९ | ९८ | १०० | १०४ | ८९ | १०४ | १५ |
| बास्मती | के.जी | १७३ | १७७ | १९१ | १९३ | १६५ | १९० | १७३ | १९३ | २० |
| मोटा चामल | के.जी | ६० | ६१ | ६७ | ५३ | ५० | ७१ | ५३ | ७१ | १८ |
| मकै | के.जी | १२० | १२० | ११७ | १२३ | १२३ | ११० | ११० | १२३ | १३ |
| गहूँ | के.जी | ५० | ५४ | ५५ | ४८ | ० | ७० | ४७ | ७० | २३ |
| आँटा | के.जी | ८० | ६४ | ७४ | ८१ | ६५ | ६५ | ६४ | ८१ | १७ |
| मैदा | के.जी | ८० | ७० | ७४ | ८० | ६७ | ६६ | ६६ | ८० | १४ |
| सूजी | के.जी | ११५ | १०० | ८५ | १०३ | ९३ | ११० | ८० | ११० | ३० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ताईचिन चिउरा | के.जी | १०० | ९९ | ९९ | ११५ | १५३ | ९० | ९० | १५३ | ६३ |
| पातलो चिउरा | के.जी | ६७ | ६४ | ८९ | ९५ | १२३ | ८४ | ६४ | १२३ | ५९ |
| मसुरो(मसिनो) | के.जी | १३५ | १५४ | १५४ | १७८ | १९० | १८७ | १३५ | १९० | ५५ |
| मसुरो(मोटो) | के.जी | १३५ | १५९ | १३९ | १४८ | १५० | १३७ | १३५ | १५९ | २४ |
| मास | के.जी | २०० | १९४ | १९४ | १९५ | २०० | २०० | १९५ | २०० | ५ |
| रहर पोलिस | के.जी | २०० | १९७ | २२५ | २१८ | २१८ | २२० | १९७ | २२५ | २८ |
| रहर ननपोलिस | के.जी | २०० | २१३ | २१३ | २३५ | २२० | २३० | १६८ | २३० | ६२ |
| मुंगी खोस्टा भएको | के.जी | १९७ | १८७ | १९२ | १८० | १९० | २०० | १८० | २०० | २० |
| मुंगी खोस्टा नभएको | के.जी | १८० | १९० | १८८ | २०८ | १८० | २१० | १८० | २१० | ३० |
| चना ठूलो | के.जी | १३८ | १२० | १३० | १४३ | १३२ | १६० | १२० | १६० | ४० |
| चना मझौला | के.जी | १२० | १३० | १२५ | १४५ | १५० | १५० | १२० | १५० | ३० |
| सेतो केराउ | के.जी | १०० | ११० | १४० | ११५ | १३० | १३५ | १०० | १३५ | ३५ |
| बोडी | के.जी | १५० | १६० | १८२ | १८५ | १८० | १७० | १५० | १८५ | ३५ |
| राज्मा/सिमी | के.जी | १६७ | २०० | १४४ | २०५ | २२० | १७० | १६७ | २२० | ५३ |
| काउली चना | के.जी | १७० | १६० | १४५ | १८३ | २०७ | १८० | १६५ | २०७ | ४२ |
| सानो केराउ | के.जी | १७० | २१४ | १४० | १३५ | १६० | २५० | १३५ | २५० | ११५ |
| हरीयो केराउ | के.जी | १२० | १४७ | १५० | १४५ | १५३ | १७० | १२० | १७० | ५० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भटमास | के.जी | १६७ | १४७ | १५० | १३८ | १३० | १६५ | १३० | १६५ | ३५ |
| चिनी मोटो | के.जी | ९२ | ९८ | १०७ | १०८ | १०० | ११० | ९२ | ११० | १८ |
| चिनी मसिनो | के.जी | ० | ९८ | ९९ | १०३ | १०५ | १०५ | ९८ | १०५ | ७ |
| तोरी तेल | लिटर | ३०० | २७८ | ३३४ | ३६० | २८० | ३६० | २७८ | ३६० | ८२ |
| भटमास तेल | लिटर | २७० | २६७ | २७४ | २७८ | २८० | २८० | २६७ | २८० | १३ |
| सूर्यमूखी तेल | लिटर | २८० | २८० | २७७ | ३०० | २८३ | २८५ | २७७ | ३०० | २३ |
| दुध गाईभैसी | लिटर | १०० | १०० | १०७ | १०० | ९० | १२० | ९० | १२० | ३० |
| दही | लिटर | १५० | २०० | १८४ | १४० | १४० | १४० | १४० | २०० | ६० |
| घ्यू | के.जी | १२०० | १२०० | १३६७ | १३५० | १२०० | १२०० | १२०० | १३६७ | १६७ |
| पनिर | के.जी | ८०० | ८०० | ९०७ | ८२५ | ८०० | ८५० | ८०० | ९०७ | १०७ |
| आलु (रातो) | के.जी | ६५ | ४० | ४० | ४३ | ५० | ३५ | ३५ | ६५ | ३० |
| आलु (सेतो) | के.जी | ३८ | ३३ | ४० | ४३ | ४० | ३० | ३० | ४३ | १३ |
| काऊली | के.जी | १४७ | १२० | १३० | १३५ | ८० | ११० | ८० | १४७ | ६७ |
| जीरा | के.जी | ५०० | ५९० | ६३४ | ५४५ | ५८० | ५४० | ५०० | ६३४ | १३४ |
| धनिया गेडा | के.जी | २५३ | २२० | ३३० | २७५ | २८० | ३०० | २२० | ३३० | ११० |
| प्याज | के.जी | ७५ | ६४ | ५६ | ५३ | ७७ | ५५ | ५५ | ७५ | २० |
| अदुवा | के.जी | २६५ | २५० | २५७ | १७५ | २२७ | २५० | १७५ | २६५ | ९० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लसुन सुकेको | के.जी | ३५० | २३० | २९४ | १९५ | १८७ | २५० | १९५ | ३५० | १५५ |
| खुर्सानी सुकेको | के.जी | ४३३ | ४५४ | ४७० | ५२५ | ५५० | ५६५ | ४३३ | ५६५ | १३२ |
| खूर्सानी हरीयो | के.जी | १५५ | १६० | १४० | ११५ | १४७ | १६० | ११५ | १६० | ४५ |
| गोलभैंडा | के.जी | ७० | १०७ | ७४ | ७८ | ८३ | १०० | ७० | १०७ | ३७ |
| अण्डा | प्र क्या. | ६०० | ४५० | ६१८ | ६०० | ५५० | ६५० | ४५० | ६५० | २०० |
| खसी | के.जी | १२०० | ११०० | ११०० | ११२५ | १०६७ | १६०० | १०६७ | १६०० | ५३३ |
| बोईलर कुखुरा | के.जी | ४२० | ३३४ | ४६० | ४४० | ४३५ | ४३० | ३३४ | ४६० | १२६ |
| केरा | दर्जन | १०२ | १४० | २२७ | २१० | १४७ | २५० | १०२ | २५० | १४८ |
| अनार | के.जी | ३८३ | ३०० | ३७४ | ३२५ | ४०० | ४०० | ३०० | ४०० | १०० |
| स्याउ | के.जी | ३०४ | ३०० | ३६० | ३३० | २८३ | ३५५ | २८३ | ३५५ | ७२ |
| सुन्तला | के.जी | ३३० | ० | २५० | ३४० | ३५० | २४० | २४० | ३५० | ११० |
| माछा (लोकल) | के.जी | ४०० | ४२० | ४४० | ४२५ | ४८३ | ५०० | ४०० | ५०० | १०० |
| माछा (बाहिरको) | के.जी | ० | ३९० | ३८४ | ३७५ | ३९३ | ३०० | ३०० | ३९३ | ९३ |


स्रोतः वाणिज्य विभाग र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू

### ७.१.१ विभिन्न स्थानबाट संकलित असार महिनाको औषत मूल्यको तुलनात्मक अध्ययनः

**क. चामल**

यस आ.व. को असार महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये चामलको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

**चित्र.नं १ः चामलको औषत मूल्य प्रतिकिलो रू. मा**





*स्तम्भ चित्रानुसार विभिन्न शहरहरूमा सोना मन्सुली, स्टिम जिरा, जनरल जिरा र मोटा चामलको मूल्य सामान्य वृद्धि भएको छ। असार महिनामा कच्चा पदार्थको मूल्यमा भएको सामान्य वृद्धिका साथै पेट्रोलियम पदार्थको मूल्य घट्न नसकेको हुँदा बैशाख महिनाको तुलनामा चामलको मुल्य सामान्य वृद्धि भएको छ। चामलको मूल्यमा आएको समान्य वृद्धिले जनजीवनमा सामान्यदेखि मध्यम प्रभाव पारेको छ।*

**ख. दाल**

यस आ.व. को असार महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये दालको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

**चित्र नं २ : दालको औषत मूल्य प्रतिकिलो रू. मा**





*स्तम्भ चित्रानुसार यस आ.व.को असार महिना अवधिभर देशभरका प्रमुख शहरहरूको दालको मूल्यमा सामान्य उतारचढआव आएको देखिन्छ। पेट्रोलियम पदार्थको मूल्य अपेक्षित घट्न नसक्दा उत्पादन, आयात, ढुवानी आदि सामान्य वृद्धि हुन गई बैशाख महिनाको तुलनामा सबैजसो दालजन्य खाद्यान्नको औषत  मूल्य समान्य बढेको देखिन्छ। दालको मूल्यमा भएको सामान्य वृद्धिले जनजीवनमा सामान्य प्रभाव पारेको छ।*

**ग. गेडागुडी**

यस आ.व. को असार महिना अवधीभर वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये गेडागुडीको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

**चित्र नं ३ गेडागुडीको औषत मूल्य प्रतिकिलो रू. मा**





*स्तम्भ चित्रानुसार गेडागुडीको मूल्यमा देशैभर सामान्य परिवर्तन आएको देखिन्छ। कतिपय गेडागुडीको मूल्य सामान्यतया बढेको, कतिपयको सामान्य घटेको र कतिपयको स्थिर रहेको देखिएको छ। गेडागुडीको मूल्यमा सामान्य उतारचढाव आएतापनि औषत मुल्य भने न्यून घटेको देखिन्छ। बैशाख महिनाको तुलनामा सामान्यतया गेडागूडीको मूल्य समानुपातिक रूपमा स्थिर रुपले परिवर्तन भएको हुँदा यसले जनजीवनमा सामान्य प्रभाव पारेको देखिन्छ।*

**घ. तरकारी**

यस आ.व. को असार महिना अवधिभर वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये तरकारीको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

**चित्र नं ४ तरकारीको औषत मूल्य रू.मा**





*स्तम्भ चित्रानुसार देशभरका विभिन्न शहरहरूमा विभिन्न तरकारी तथा मसलाको असार महिनाको औषतम मूल्यमा मध्यम उतारचढाव नै देखिन्छ। तरकारीको उत्पादन, ढुवानी एवं बजारको तहका कारणले गर्दा बैशाख महिनाको तुलनामा आलु, काउली, प्याज अदुवा, गोलभेडा, खुर्सानी लगायतका तरकारीको औषत मूल्य बढेको छ। यसले जनजीवनमा सामान्य देखि मध्यम प्रभाव पारेको देखिन्छ।*

**ङ. फलफूल**

यस आ.व.को असार महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये मुख्य फलफूलको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

**चित्र नं. ५ : फलफूलको औषत मूल्य रू. मा**





*उल्लेखित स्तम्भ चित्रानुसार विभिन्न शहरहरूमा फलफूलको मूल्यमा मद्यम उतारचढाव आएको देखिन्छ। बैशाख महिनाको तुलनामा केराको मूल्यमा बढि उतारचढाव आएको छ। त्यसैगरी अनार, स्याउ, लगायतका फलफूलको मूल्यमा समेत सामान्य वृद्धि भएको छ। यस किसिमको सामान्य मूल्य वृद्धिले विभिन्न शहरको फलफूलको औषत मूल्यमा समेत सोही समानुपातमा परिवर्तन भएको हुँदा जनजीवनमा सामान्यदेखि मध्यम प्रभाव परेको देखिन्छ।*

### च. माछा, मासु र अण्डा

यस आ.व. को असार महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य माछा, मासु र अण्डाको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

**चित्र नं. ६ : माछा, मासु र अण्डाको औषत मूल्य रू. मा**




*उल्लेखित स्तम्भ चित्रानुसार मासुको औषत मूल्य सामान्यतया स्थिर देखिएता पनि  अण्डाको मूल्य भने वृद्धि भएको देखिन्छ। विभिन्न शहरको तुलना गर्दा बर्ड फ्लूको कारणले गर्दा ब्रोईलर कुखुराको मूल्य समान्य घटेको छ भने खसी र माछा लगायतको औषत मूल्यमा सामान्य नै उतारचढाव आएको छ। समग्रमा माछा, मासु र अण्डाको औषत मूल्यमा भएको सामान्य उतारचढाउले उपभोक्तामा सामान्य प्रभाव पारेको छ।*

## ७.२ फलफूल तथा तरकारीको खुद्रा मूल्यको अवस्था

कालिमाटी फलफूल तथा तरकारी बजार व्यवस्थापन समितिले हरेक दिन त्यस बजारको तरकारी तथा फलफूलको थोक तथा खुद्रा मूल्य प्रकाशन गर्ने गर्दछ। यस विभागले २०८२ असार महिनाको प्रत्येक आईतबार (३, १०, १७, २४ र ३१ गते) को तरकारीको न्यूनतम र अधिकतम मूल्यको औषतलाई आधार मानि असार महिनाको मूल्य समिक्षा गरिएको छ। साथै आ.व. २०८२/८३ को प्रथम चौमासिक मूल्य विश्लेषण प्रतिवेदन एवं बैशाख महिनाको मासिक मूल्य विश्लेषण प्रतिवेदन समेतलाई आधार लिईएको छ।समिक्षा अवधिभरका विभिन्न मितिको औषत मूल्य तलको तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका नं.२ : तरकारी तथा फलफूलको खुद्रा मूल्य (प्रतिकिलो रू.मा)

| *कृषि उपजको नाम* | *एकाई* | *असार ३* | *असार १०* | *असार १७* | *असार २४* | *असार ३१* | *अधिकतम* | *न्यूनतम* | *अन्तर* |
|---|---|---|---|---|---|---|---|---|---|
| गोलभेडा ठूलो (भारतीय) | प्र. के.जी | ८५ | ७५ | ६५ | ६४ | ३९ | ८५ | ६४ | २१ |
| गोलभेडा सानो(लोकल) | प्र. के.जी | ६० | २८ | २० | २६ | १० | ६० | १७ | ४३ |
| गोलभेडा सानो(टनेल) | प्र. के.जी | ७५ | ५७ | २९ | ४० | १५ | ७५ | २९ | ४६ |
| आलु रातो | प्र. के.जी | २७ | ३१ | ३३ | ३७ | ४७ | ३७ | २७ | १० |
| आलु रातो(भारतीय) | प्र. के.जी | २६ | २७ | २८ | ३२ | २९ | ३२ | २६ | ६ |
| प्याज सुकेको (भारतीय) | प्र. के.जी | ३७ | ३६ | ४२ | ४१ | ५४ | ४२ | ३६ | ६ |
| गाजर(लोकल) | प्र. के.जी | ५५ | ५५ | ७६ | १०५ | ११० | १०५ | ५५ | ५० |
| बन्दा(लोकल) | प्र. के.जी | ३५ | ३५ | ३४ | ५६ | ३४ | ५६ | ३४ | २२ |
| काउली स्थानिय | प्र. के.जी | ५० | ३३ | ६७ | ७६ | ५० | ७६ | ३३ | ४३ |
| सेतो मूला(हाइब्रीड) | प्र. के.जी | १८ | २१ | २३ | २० | ३३ | २३ | १८ | ५ |
| भन्टा लाम्चो | प्र. के.जी | ५५ | ४३ | ४८ | ५६ | ३३ | ५६ | २३ | ३३ |
| भन्टा डल्लो | प्र. के.जी | ६५ | ४० | ५५ | ४३ | ६५ | ६५ | ३० | ३५ |
| घिउ सिमी(लोकल) | प्र. के.जी | ८८ | ४५ | ६५ | ६४ | ८७ | ८८ | ४० | ४८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बोडी तने | प्र. के.जी | ७५ | ३३ | ८४ | ३६ | ४० | ८४ | ३३ | ५१ |
| घिउ सिमी(हाइब्रीड) | प्र. के.जी | ८५ | ५५ | ४७ | ६५ | ४० | ८५ | ४० | ४५ |
| घिउ सिमी(राजमा) | प्र. के.जी | ९० | ९५ | ९० | १२५ | ९५ | १२५ | ९० | ३५ |
| तितो करेला | प्र. के.जी | ७० | ४० | ३५ | ४४ | ४० | ७० | ३५ | ३५ |
| लौका | प्र. के.जी | ५५ | ३० | ५० | ६४ | ४४ | ६४ | ३० | ३४ |
| घिरौंला | प्र. के.जी | ५५ | ३० | ५० | ५६ | ५० | ५६ | ३० | २६ |
| फर्सी पाकेको | प्र. के.जी | ५५ | ५५ | ५५ | ५६ | ५५ | ५६ | ५५ | १ |
| फर्सी हरियो(लाम्चो) | प्र. के.जी | ३५ | ३५ | ३६ | ५६ | ५५ | ५६ | ३५ | २१ |
| भिण्डी | प्र. के.जी | ५० | ३५ | ४५ | ४१ | २६ | ५० | २६ | २४ |
| पिंडालू | प्र. के.जी | ४५ | ४५ | ३५ | ५५ | ९० | ९० | ३५ | ५५ |
| रायो साग | प्र. के.जी | ९० | ६५ | ६५ | ६४ | ३६ | ९० | ३६ | ५४ |
| तोरीको साग | प्र. के.जी | ३५ | ३५ | ४५ | ४० | ५० | ५० | ३५ | १५ |
| प्याज हरियो | प्र. के.जी | १४० | ११० | ११० | ११० | ९० | १४० | ९० | ५० |
| च्याउ(कन्य) | प्र. के.जी | १५० | २२३ | २६५ | २१० | २२० | २६५ | १५० | ११५ |
| च्याउ(डल्ले) | प्र. के.जी | ३२५ | ४१५ | ४२५ | ३७७ | ३४५ | ४२५ | ३२५ | १०० |
| च्याउ (राजा) | प्र. के.जी | ३१० | २९० | ३१० | ३२७ | २९० | ३२७ | २९० | ३७ |
| च्याउ (सिताके) | प्र. के.जी | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ० |
| कुरिलो | प्र. के.जी | ३०० | ३२५ | ३२३ | ३२७ | ३२७ | ३२७ | ३०० | २७ |
| न्यूरो | प्र. के.जी | ६५ | ७५ | ७५ | ८५ | ९५ | ९५ | ६५ | ३० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ब्रोकाउली | प्र. के.जी | १०० | ५५ | ८५ | ११० | ९३ | ११० | ५५ | ५५ |
| चुकुन्दर | प्र. के.जी | ६० | ५५ | ६५ | ५५ | ५६ | ६५ | ५५ | १० |
| रातो बन्दा | प्र. के.जी | ५० | ३८ | ४५ | ४५ | ३६ | ५० | ३६ | १४ |
| जिरीको साग | प्र. के.जी | १०५ | ९५ | ९५ | ९५ | ९५ | १०५ | ९५ | १० |
| सेलरी | प्र. के.जी | ११० | १३० | १२५ | १२५ | १२५ | १३० | ११० | २० |
| पार्सले | प्र. के.जी | २६५ | २७५ | २१० | २१० | २१० | २७५ | २१० | ६५ |
| पुदीना | प्र. के.जी | ९० | १०० | १४५ | ११० | ११० | १४५ | ९० | ५५ |
| इमली | प्र. के.जी | १७५ | १७५ | १७५ | १९० | १७० | १९० | १७० | २० |
| तामा | प्र. के.जी | १४० | १४० | १३५ | १३५ | १४० | १४० | १३५ | ५ |
| तोफु | प्र. के.जी | १४० | १४० | १५० | १५० | १५० | १५० | १४० | १० |
| गुन्दुक | प्र. के.जी | २७५ | २५० | ३०० | ३२७ | ३२७ | ३२७ | २५० | ७७ |
| स्याउ(फूजी) | प्र. के.जी | २७५ | २८८ | २९० | २९० | २९० | २९० | २७५ | १५ |
| केरा | दर्जन | १७३ | १७५ | १८० | १९० | १९० | १९० | १७३ | १७ |
| कागती | प्र. के.जी | २७० | २५० | २१० | २१० | १६५ | २७० | १६५ | १०५ |
| अनार | प्र. के.जी | ४५० | ४२० | ४०० | ४१० | ४१० | ४५० | ४०० | ५० |
| अंगुर (हरियो) | प्र. के.जी | २७५ | २६० | २६० | २६० | २६५ | २७५ | २६० | १५ |
| आँप (मालदाह) | प्र. के.जी | | | ११० | ११० | ८० | ११० | ८० | ३० |
| आँप (दशहरी) | प्र. के.जी | | २६० | १२५ | १२५ | १०० | २६० | १०० | १६० |
| अंगुर (कालो) | प्र. के.जी | ४२५ | ४२५ | ४२५ | ४२५ | ४२५ | ४२५ | ४२५ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| तरबुजा(हरियो) | प्र. के.जी | ४० | ३३ | ४० | ४० | ४५ | ४५ | ३३ | १२ |
| भुई कटहर | प्र. गोटा | २४० | २२० | १९० | १९० | १९० | २४० | १९० | ५० |
| काक्रो(लोकल) | प्र. के.जी | ५० | ४८ | ६३ | ६६ | ७३ | ७३ | ४८ | २५ |
| काक्रो(हाइब्रीड) | प्र. के.जी | २३ | १५ | २० | १९ | १५ | २३ | १५ | ८ |
| रुख कटहर | प्र. के.जी | ५० | ६५ | ४० | ४० | ४५ | ६५ | ४० | २५ |
| नासपाती(चाइनिज) | प्र. के.जी | २४० | २४० | १५५ | १५५ | २४० | २४० | १५५ | ८५ |
| मेवा(भारतीय) | प्र. के.जी | ८५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ८५ | १० |
| मेवा नेपाली | प्र. के.जी | ७५ | ८५ | ८५ | ८५ | ८५ | ८५ | ७५ | १० |
| लिच्ची लोकल | | २२५ | २२५ | २२५ | २४० | २४० | २४० | २२५ | १५ |
| आभोकाडो | प्र. के.जी | ७५० | ७४५ | ७५० | ७५० | ७५० | ७५० | ७४५ | ५ |
| अदुवा | प्र. के.जी | १५५ | १५० | ११० | १२५ | १२५ | १५५ | ११० | ४५ |
| खुर्सानी सुकेको | प्र. के.जी | ४२५ | ४०३ | ४२५ | ४२७ | ४७७ | ४७७ | ४०३ | ७४ |
| खुर्सानी हरियो | प्र. के.जी | ९५ | ७५ | ५५ | ४४ | ४६ | ९५ | ४४ | ५१ |
| खुर्सानी हरियो(बुलेट) | प्र. के.जी | ९५ | ७५ | ४५ | ३४ | ३४ | ९५ | ३४ | ६१ |
| खुर्सानी हरियो(माछे) | प्र. के.जी | ५० | ५० | ४५ | ५६ | ५९ | ५९ | ४५ | १४ |
| खुर्सानी हरियो(अकबरे) | प्र. के.जी | ४५० | ४५० | ४५० | ४५० | २८३ | ४५० | २८३ | १६७ |
| भेडे खुर्सानी | प्र. के.जी | ६५ | ५० | ५२ | ७६ | ६८ | ७६ | ५० | २६ |
| लसुन हरियो | प्र. के.जी | १९० | १८६ | १९० | १९० | १७७ | १९० | १७७ | १३ |
| हरियो धनिया | प्र. के.जी | ८५ | ७० | १६५ | ११० | १०० | १६५ | ७० | ९५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लसुन सुकेको चाइनिज | प्र. के.जी | १८८ | १८० | २०५ | २१० | २०८ | २१० | १८० | ३० |
| लसुन सुकेको नेपाली | प्र. के.जी | १०५ | १०५ | १५० | १७० | १७२ | १७२ | १०५ | ६७ |
| छ्यापी सुकेको | प्र. के.जी | ११० | १३० | १३० | १३० | १२० | १३० | ११० | २० |
| छ्यापी हरियो | प्र. के.जी | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ० |
| ताजा माछा(रहु) | प्र. के.जी | ३३० | ३२५ | ३३० | ३३० | ३३० | ३३० | ३२५ | ५ |
| ताजा माछा(बचुवा) | प्र. के.जी | ३०५ | ३०० | २९० | २९० | २९० | ३०५ | २९० | १५ |
| ताजा माछा(छडी) | प्र. के.जी | २६० | २५५ | २४५ | २४५ | २४५ | २६० | २४५ | १५ |

स्रोतः kalimatimarket.gov.np/price

**८. समिक्षा अवधिमा उच्च मूल्य परिवर्तन भएका (प्रमुख पाँचवटा) र न्यून मूल्य परिवर्तन भएका (प्रमुख ५ पाँचवटा) तरकारी तथा फलफूलहरूः**

समिक्षा अवधिमा मूल्यमा अत्याधिक उतारचढाव आएका ५ तरकारी तथा फलफूलको न्यूनतम मूल्य, अधिकतम मूल्य परिवर्तनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३ : मूल्यमा  उच्च परिवर्तन भएका ५ तरकारी तथा फलफूलहरू**

| क्र.सं | तरकारी तथा फलफूल | ईकाई | अधिकम | न्यूनतम | परिवर्तन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| १ | गोलभेडा सानो लोकल | के.जी. | ६० | १७ | ४३ | २५३% |
| २ | खुर्सानी हरियो बुलेट | के.जी. | ९५ | ९५ | ६१ | १७९.४% |

| क्र.सं | तरकारी तथा फलफूल | ईकाई | अधिकम | न्यूनतम | परिवर्तन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| ३ | आँप दशहरी | के.जी. | २६० | १०० | १६० | १६०% |
| ४ | गोलभेडा सानो टनेल | के.जी. | ७५ | २९ | ४६ | १५८.६% |
| ५ | पिँडालू | के.जी. | ९० | ३५ | ५५ | १५७% |

*समग्र बजारको अवस्था विश्लेषण गर्दा उपभोग्य फलफूल तथा तरकारीको मूल्यमा सामान्य देखि मध्यम परिवर्तन भएतापनि गोलभेडा, खुर्सानी हरियो, आँप, पिँडालू लगायतको मूल्यमा अत्याधिक उतारचढाव आएको देखिन्छ। यसका साथै भन्टा लाम्चो, बोडी तने, रायो साग, हरियो धनिया, आदिमा समेत १००% भन्दा बढी मूल्य उतारचढाव देखिन्छ। सँगसँगै ब्रोकाउली, तिते करेला, घिउ सिमि हाईब्रिड, भन्टा डल्लो लगायतका तरकारीमा समेत तिब्र उतारचढाव आउनुमा तरकारी तथा फलफूलको उत्पादन, वितरण, ढुवानीमा लागत वृद्धि साथै  अधिक बजारको तह जस्ता कारणहरू मुख्य छन्। यस किसिमको मूल्य उतारचढावले जनजीवनमा सामान्य देखि मध्यम किसिमको प्रभाव पारेको देखिन्छ।*

**तालिका नं ४:मूल्यमा न्यून परिवर्तन भएका ५ फलफूल तरकारी तथा माछामासु**

| क्र.सं | वस्तु | ईकाई | अधिकम रू | न्यूनतम रू | परिवर्तन रू | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| १ | च्याउ सिताके | के.जी. | ९०० | ९०० | ०० | ००.००% |
| २ | छ्याप्पी हरियो | के.जी. | ९५ | ९५ | ०० | ००.००% |
| ३ | अभोकाडो | के.जी | ७५० | ७४५ | ५ | ०.६७% |
| ४ | ताजा माछा रहु | के.जी. | ३३० | ३२५ | ५ | १.५१% |
| ५ | फर्सी पाकेको | के जी | ५६ | ५५ | १ | १.७८% |

*अधिकतम फलफुल तथा तरकारीको मूल्यमा सामान्यदेखि मध्यमस्तरको परिवर्तन भएतापनि माथि उल्लिखित फलफूल तथा तरकारीका अतिरिक्त अन्य तरकारी तथा फलफूलको मूल्यमा सामान्य उतारचढाव देखिन्छ। बैशाख महिनामा धेरैजसो तरकारी तथा फलफूलको मूल्य स्थिर देखिएको भएता पनि असार महिनामा च्याउ सिताके र छ्याप्पी हरियोको मूल्य मात्र स्थिर रहेको र अन्य तरकारीको मूल्यमा सामान्यदेखी उच्च उतारचढाव आएको देखिन्छ।त्यसैगरी बैशाख महिनाको तुलनामा तरकारी तथा फलफूलको मूल्य अपेक्षित घट्न सकेको छैन। यस किसिमको मूल्य स्थिरता र उच्च उतारचढावले उपभोक्तालाई सामान्यदेखि मध्यम प्रभाव पारेता पनि मूल्य वृद्धिलाई सीमित गर्न सकेको देखिदैन।*

## ९. खाद्यवस्तुहरूको थोक मूल्यको अवस्थाः

नेपाल खाद्य किराना व्यबसायी संघ काठमाडौंले नियमित रुपमा यस विभागलाई खाद्य तथा किराना समानहरुको ग्रेड अनुसारको थोक मूल्यसूची उपलब्ध गराउने गर्दछ। सोही मूल्यको आधारमा श्रावण महिनाको मूल्य तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५ खाद्य वस्तुहरूको असार महिनाको थोक औषत मूल्य (रू.) मा**

| खाद्यवस्तुको नाम | ईकाई | असार महिनाको औषत मूल्य १ नं | असार महिनाको औषत मूल्य २ नं | असार महिनाको औषत मूल्य ३ नं. |
|---|---|---|---|---|
| सोनाचामल (नयाँ) | (प्र २५के.जी बोरा) | १६०० | १५५० | १५०० |
| सोना चामल (स्टिम) | (प्र.३० के.जी. बोरा) | १८५० | १८०० | १७५० |
| सोना चामलस्टिम पुरानो | (प्र.३०के.जी. बोरा) | १६५० | १६०० | १५५० |
| जिरा मसिनोनयाँ स्टिम | (प्र.२५के.जी. बोरा) | २३५० | २३०० | २१५० |
| जिरा मसिनो (पुरानो) स्टिम | (प्र.२५के.जी. बोरा) | २४०० | २३५० | २३०० |
| लंगग्रेनचामल | (प्र.२०के.जी. बोरा) | ३५५० | ३५०० | ३३५० |
| मुसुर दाल (विदेशी) | के.जी. | १३७ | १३५ | १३२ |
| मुसुर दाल (नेपाली) | के.जी. | १८७ | १८५ | १८२ |
| मास दाल | के.जी. | १८५ | १८० | १७८ |

| खाद्यवस्तुको नाम | ईकाई | असार महिनाको औषत मूल्य १ नं | असार महिनाको औषत मूल्य २ नं | असार महिनाको औषत मूल्य ३ नं. |
|---|---|---|---|---|
| मुंगीखोस्टा | के.जी | १९० | १८५ | १८० |
| मकै | के.जी. | ११० | १०५ | १०५ |
| चना (विदेशी) | के.जी. | ११८ | ११३ | ११० |
| रहर दाल (पोलिस) | के.जी. | १९० | १८५ | १८० |
| रहर दाल (ननपोलिस) | के.जी. | २०५ | २०० | १९८ |
| सेतो भटमास (विदेशी) | के.जी. | ११५ | ११२ | १०५ |
| खैरो भटमास (लोकल) | के.जी. | १५० | १४५ | १४० |
| राजमा (छिर्के) | के.जी. | १७० | १५० | १४५ |
| राजमा (नेपाली) | के.जी. | २३० | २२५ | २२० |
| चिउरा (मकवानपुरी) | (प्र.२०के.जी. बोरा) | १६५० | १६०० | १५५० |
| मैदा | (प्र.५०के.जी. बोरा) | ३१५० | ३१०० | ३००० |
| आँटा | (प्र.५०के.जी. बोरा) | ३१०० | ३०५० | - |

**स्रोतः नेपाल खाद्य किराना व्यवसायी संघ, काठमाण्डौ**

आ.व. २०८२/८३ को असार महिनामा अत्यावश्यक खाद्यवस्तुको मूल्यमा सामान्यमात्र परिवर्तन आएको देखिन्छ। यस आ.व. को बैशाख महिनाको तुलनामा सामान्यतया सबै प्रकारका चामल र चिउराको मूल्य वृद्धि देखिन्छ।साथै अन्य खाद्यान्नको मूल्य

स्थिर रहेता पनि आटा र मैदाको मूल्य भने सामान्य घटेको छ। उपभोग्य बस्तुमा भएको मूल्य उतारचढावले जनजीवनमा सामान्य प्रभाव पारको छ।

## १०. खाद्य वस्तुहरूको खुद्रा मूल्यको अवस्थाः

नेपाल खुद्रा व्यवसायी संघ काठमाडौंबाट नियमित रुपमा यस विभागलाई खाद्य तथा किराना समानहरूको ग्रेड अनुसारको खुद्रा मूल्य उपलब्ध हुने गर्दछ। सोही अनुसार २०८२ को बैशाख देखि असार महिनासम्मको पहिलो ग्रेडलाई आधार मानि सो मा भएको परिवर्तनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.६: खाद्य वस्तुहरुको अधिकतम खुद्रा मूल्य (रू.मा)**

| खाद्यवस्तुको नाम | ईकाई | बैशाख १५ १ नं. | असार १५ १ नं. | न्यूनतम मूल्य | अधिकतम मूल्य | परिवर्तन (रू) |
|---|---|---|---|---|---|---|
| त्रिशूलीको पोखरेली चामल | के.जी. | १२० | १२० | १२० | १२० | तटस्थ |
| स्टिम जिरा मसिना चामल | के.जी. | ९५ | १०० | ९५ | १०० | ५ |
| लङ ग्रेन बासमती चामल | के.जी. | १८५ | १९० | १८५ | १९० | ५ |
| स्टिम सोना चामल | के.जी. | ७५ | ७५ | ७५ | ७५ | तटस्थ |
| ताईचिन चिउरा | के.जी. | १९० | १९० | १९० | १९० | तटस्थ |
| तराई ताईचिन चिउरा | के.जी. | ९० | ९० | ९० | ९० | तटस्थ |
| मास दाल | के.जी. | २०० | २०० | १९० | २०० | तटस्थ |
| मुंग खोस्टा | के.जी. | २२० | २२० | २२० | २२० | तटस्थ |

| खाद्यवस्तुको नाम | ईकाई | बैशाख १५ १ नं. | असार १५ १ नं. | न्यूनतम मूल्य | अधिकतम मूल्य | परिवर्तन (रू) |
|---|---|---|---|---|---|---|
| मुसुर दाल | के.जी. | १५० | १५० | १५० | १५० | तटस्थ |
| मुंग गेडा | के.जी. | २०० | २०० | २०० | २०० | तटस्थ |
| मुंग छाटा | के.जी. | २१० | २१० | २१० | २१० | तटस्थ |
| रहर दाल | के.जी. | २२० | २२० | २२० | २२० | तटस्थ |
| चना दाल | के.जी. | १५० | १५० | १५० | १५० | तटस्थ |
| भुटेको तोरिको तेल | लिटर | ४६० | ४६० | ४६० | ४६० | तटस्थ |
| काँचो तोरीको तेल | लिटर | ३७५ | ३८० | ३७५ | ३८० | ५ |
| भटमास तेल | लिटर | २९० | २८५ | २८५ | २९० | ५ |
| सनफ्लावर तेल | लिटर | २९५ | २९० | २९० | २९५ | ५ |
| डाल्डा घ्यू | के.जी. | २६५ | २६५ | २६५ | २६५ | तटस्थ |
| नेपाली घ्यू | के.जी. | १४०० | १४०० | १४०० | १४०० | तटस्थ |
| खुर्सानी पाउडर | के.जी. | ६०० | ६०० | ६०० | ६०० | तटस्थ |
| जिरा पाउडर | के.जी. | ७५० | ७७५ | ७५० | ७७५ | २५ |
| धनिया पाउडर | के.जी. | ३५० | ४०० | ३५० | ४०० | ५० |
| वेसार पाउडर | के.जी. | ५०० | ५२५ | ५०० | ५२५ | २५ |
| चिनी | के.जी. | १०५ | ११० | १०५ | ११० | ५ |
| सेतो भटमास | के.जी. | १४० | १६५ | १४० | १६५ | २५ |

| खाद्यवस्तुको नाम | ईकाई | बैशाख १५<br>१ नं. | असार १५<br>१ नं. | न्यूनतम मूल्य | अधिकतम मूल्य | परिवर्तन (रू) |
|---|---|---|---|---|---|---|
| कालो भटमास | के.जी. | २५० | २५० | २५० | २५० | तटस्थ |
| काबुल चना | के.जी. | १८५ | १८० | १८० | १८५ | ५ |
| सानो चना | के.जी. | १३० | १३० | १३० | १३० | तटस्थ |
| सेतो केराउ | के.जी. | १३५ | १३५ | १३५ | १३५ | तटस्थ |
| सानो केराउ | के.जी. | २५० | २५० | २५० | २५० | तटस्थ |
| राज्मा | के.जी. | २६० | २६५ | २६० | २६५ | ५ |
| छिरकी राज्मा | के.जी. | २२० | २२० | २२० | २२० | तटस्थ |
| सेतो सिमी | के.जी. | २५० | २५० | २५० | २५० | तटस्थ |
| बोडी | के.जी. | १७० | १७० | १७० | १७० | तटस्थ |
| मस्याङ | के.जी. | १७० | १७० | १७० | १७० | तटस्थ |
| कैलो तिल | के.जी. | ३५० | ३५० | ३५० | ३५० | तटस्थ |
| सेतो तिल | के.जी. | ३५० | ३५० | ३५० | ३५० | तटस्थ |
| गहुँ | के.जी. | ७० | ७० | ७० | ७० | तटस्थ |
| मकै | के.जी. | ६५ | ६५ | ६५ | ६५ | तटस्थ |
| जौं | के.जी. | १३० | १३० | १३० | १३० | तटस्थ |
| मैदा | के.जी. | ८० | ७५ | ७५ | ८० | ५ |
| आंटा | के.जी. | ८० | ७५ | ७५ | ८० | ५ |

| खाद्यवस्तुको नाम | ईकाई | बैशाख १५ १ नं. | असार १५ १ नं. | न्यूनतम मूल्य | अधिकतम मूल्य | परिवर्तन (रू) |
|---|---|---|---|---|---|---|
| सुजी | के.जी. | १३० | १३० | १३० | १३० | तटस्थ |
| मकै पिठो | के.जी. | ८५ | ८५ | ८५ | ८५ | तटस्थ |
| चामल पिठो खस्रो | के.जी. | ९० | ९० | ९० | ९० | तटस्थ |
| चामल पिठो मसिनो | के.जी. | १७५ | १७५ | १७५ | १७५ | तटस्थ |
| बेसन | के.जी. | २४० | २४० | २४० | २४० | तटस्थ |
| मस्यौरा | के.जी. | १८० | १८० | १८० | १८० | तटस्थ |
| जिरा | के.जी. | ५५० | ५४० | ५४० | ५५० | १० |
| धनिया गेडा हरियो | के.जी. | ३०० | ३०० | ३०० | ३०० | तटस्थ |
| मेथी | के.जी. | २०० | २०० | २०० | २०० | तटस्थ |
| ज्वानो | के.जी. | ५५० | ५५० | ५५० | ५५० | तटस्थ |
| काँचो बदाम | के.जी. | २६० | २६० | २६० | २६० | तटस्थ |
| मुरली मकै | के.जी. | १३० | १२५ | १२५ | १३० | ५ |

**स्रोतः नेपाल खुद्रा व्यवसायी संघ, काठमाण्डौ**

नेपाल खुद्रा व्यावसायी संघ, काठमाण्डौंद्वारा प्राप्त विवरण अनुसार आ.व. २०८२/८३ को बैशाख र असार महिना अवधिभर अधिकांश खाद्यवस्तु तथा सामाग्रीको मूल्य स्थीर रहेता पनि चामल, जिरा पाउडर, धनिया पाउडर, चिनी लगायतका

खाद्यवस्तुको मुल्य सामान्य बढेको एवं तेल, आटा, मैदा, मकै आदिको मूल्य सामान्य घटेको देखिन्छ।यस किसिमको समग्र मूल्य स्थिरता र  उतारचढावले उपभोक्ताको जनजीवनमा सामान्य प्रभाव पारेको देखिन्छ।

## ११. मूल्यलाई प्रभाव पार्ने तत्वहरुः

मूल्य आफैमा परिवर्तनशील तत्व होईन। कुनै पनि वस्तुको मूल्यलाई मूख्यतः वस्तुको माग र आपूर्तिले प्रभाव पार्ने गर्दछ। माग र आपूर्तिको अतिरिक्त वस्तुको मूल्यलाई इन्धनको मूल्य, विदेशी मुद्रा विनिमय दर, उत्पादन लागत, कच्चा पदार्थको मूल्य, ज्याला आदि तत्वहरूले प्रभाव पार्दछ। ती मध्ये समिक्षा अवधिमा पेट्रोलियम पदार्थको मूल्यमा भएको परिवर्तन तथा अमेरिकी डलरको विनिमय दरमा भएको परिवर्तनको अवस्थालाई तल प्रस्तुत गरिएको छ।

### ११.१ पेट्रोलियम पदार्थको मूल्यमा भएको परिवर्तन


वस्तुको मूल्यलाई प्रभाव पार्ने तत्व मध्ये इन्धन अर्थात पेट्रोलियम पदार्थ पनि एक महत्वपूर्ण अबयव हो। चालू आ.व.को बैशाख, असार र असार महिना अवधिमा पेट्रोलिय पदार्थको सामान्य घटबढ बाहेक स्थिर नै रहेको छ।सो अवधिमा पेट्रोलियम पदार्थको मूल्यमा भएको परिवर्तनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७ः पेट्रोलियम पदार्थको मूल्य (रू.मा)

| मिति | पेट्रोल | डिजेल | मट्टितेल | ग्यास | एविएशन फ्यूल(ड्युटी) | एविएशन फ्यूल (ड्युटीफ्री) |
|---|---|---|---|---|---|---|
| बैशाख २ | २१९ | २३७ | २३७ | २०१० | २६० | १७८५ |
| बैशाख १७ | २१७ | २२५ | २२५ | २१६० | २६९ | १८३१ |
| असार १७ | २१७ | २२५ | २२५ | २१६० | २६९ | १८३१ |
| असार १ | २१७ | २२५ | २२५ | २१६० | २६९ | १८३१ |

स्रोतः www.noc.org.np/retailprice

**चित्र नं ७: २०८२ चैत्रदेखि २०८३ असारसम्म पेट्रोलियम पदार्थको मूल्यमा भएको उतारचढाव**




उल्लिखित ग्राफअनुसार आ.व. २०८२/०८३ को असार महिना अवधीभर, पेट्रोल, डिजेल, मट्टितेल, ग्याँस र एभिएसन फ्यूलको मूल्य स्थिर नै रहेको छ। पेट्रोलियम पदार्थको मूल्य उच्च वृद्धि भई घट्न नसक्दा उपभोग्य बस्तुको मूल्यमा समेत वृद्धि हुनुका

साथै ढुवानी, यातायात र हवाई भाडा समेत चर्को हुन पुगेको छ। पेट्रोलियम पदार्थ एवं ग्याँसको आपूर्ति र वितरण प्रणाली सहज नै रहेको अवस्था छ। पेट्रोलियम पदार्थको मूल्य घट्न नसक्दा यसबाट समग्र उपभोक्ताहरू महङ्गीको मारमा परेको देखिन्छ।

## ११.२ अमेरिकी डलरको विनिमय दरमा भएको परिवर्तन


मूल्यलाई प्रभाव पार्ने अर्को महत्वपूर्ण तत्वमा विदेशी मुद्रा विनिमय दर पनि एक हो। विदेशी मुद्राको तुलनामा नेपाली पैसा कति बलियो छ अर्थात विदेशी मुद्रा खरिद गर्न नेपाली कति रुपैयाँ खर्च गर्नुपर्ने अवस्था छ, सो कुराले मुख्यतः आयातित वस्तुको मूल्यको घटबढमा असर गर्दछ। समिक्षा अवधीभर (असार महिना) को प्रत्येक सोमबारको १ अमेरिकी डलरको विनिमय दर (खरिद तथा बिक्री दर) तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ८ एक अमेरीकी डलरको विनिमय दर (रू.मा)**

| मिति | खरिद दर | बिक्रि दर |
|---|---|---|
| असार ४ | १५३.२५ | १५३.८५ |
| असार ११ | १५२.८१ | १५३.४१ |
| असार १८ | १५१.७१ | १५२.३१ |
| असार २५ | १५१.६२ | १५२.२२ |

स्रोत:www.nrb.org.np/forex

चित्र नं ७: अमेरीकी डलरको विनिमय दरमा भएको उतार चढाव




चित्रानुसार असार महिनाभर १ अमेरिकी डलरको न्यूनतम खरिददर रू.१५१.६२ एवं अधिकतम खरिददर रू. १५३.२५ रहेको छ जस अनुसार अमेरिकी डरको खरिद दरमा १.०७% को उतारचढाव देखिएको छ। त्यसैगरी समिक्षा

अवधीभर १ अमेरिकी डरको न्यूनतम बिक्रीदर रू. १५२.२२ र अधिकतम बिक्रीदर रू १५३.८५ रहेको छ, जस अनुसार अमेरिकी डलरको बिक्रीदरमा १.०७% को उतारचढाव देखिन्छ। असार महिना अवधिभर अमेरिकी डलरको खरिद र बिक्री मूल्य निरन्तर ओरालो लागेको छ। यसरी अमेरिकी डलरको उतारचढावले बजार मूल्यलाई समेत प्रत्यक्ष प्रभाव पारेको छ।

## ११.३ उत्पादन लागत तथा पूँजीको लागत अवस्था

यस समिक्षा अवधिमा अमेरीकी डलरसँगको विनिमय दरमा उतारचढाव भई नेपाली रुपैयाँको अवमूल्यन हुनु, पेट्रोलियम पदार्थको मूल्य समेत अपेक्षाकृत घट्न नसक्नु जस्ता कारणले उत्पादन लागतमा वृद्धि भएको छ। त्यस्तै बैंकको ब्याजदरमा हुने परिवर्तनले समेत लागत मूल्यमा परिवर्तन भई सामान्य प्रभाव परेको देखिन्छ।

## ११.४ समसामयिक घटनाक्रमहरू

सरकारले असार १५ मा बजेट सार्वजनिक गरेसँगै कृषि उत्पादन बढाउने, बस्तु ढुवानीमा दोहोरो कर घटाउने, ब्यापार र भन्सार प्रकृया सरल बनाउने, कर प्रणालीमा सुधार गर्नुका साथै उत्पादनमूखी अर्थतन्त्रमा जोड दिएको छ। कर प्रणालीमा व्यापक फेरबदल भएसँगै लगानीकर्ता तथा व्यावसायीमा केही आशा बढेको छ। अधिकतम खुद्रा मूल्य (MRP) लागु गर्नका लागि सरकारले आपुर्ति र वितरण प्रणालीमाथि तिब्र अनुगमन गरेको छ। त्यस्तै अन्तर्राष्ट्रियस्तरमा कच्चा तेलको मूल्य उतारचढाव, अमेरिकी डलरको मूल्यमा उतारचढाव, सुनको अन्तर्राष्ट्रिय मूल्यमा उतारचढाव, विश्वव्यापी ढुवानी तथा आपूर्ति श्रृङ्खलामा समस्या, भारतमा खाद्यान्न तथा तरकारीको मूल्य वृद्धि आदि कारणले नेपालको बजारलाई समेत प्रत्यक्ष एवं परोक्ष ढङ्गले प्रभाव पारेको देखिन्छ। असार महिना अवधिभर उपभोग्य खाद्यवस्तुको मूल्य सामान्य वृद्धि भएको छ। त्यसका साथै वस्तुको मागअनुसार आपूर्ति भएकै हुँदा केही वस्तुको मूल्य भने स्थिर नै रहेको छ। सबै प्रकारका चामल, खाने तेल, अण्डा, केरा, चिनी लगायत खाद्यवस्तुको मूल्य वृद्धि भएको छ भने अन्य खाद्यवस्तुको मूल्यमा सामान्य नै घटबढ देखिन्छ।

त्यस्तै समिक्षा अवधीभर मध्यपूर्व (Iran-US-/Israel) तनाव, कच्चा तेल (Crude Oil) को मूल्यमा ठूलो उतारचढाव, सुनको मूल्यमा तिव्र उतारचढाव, मुद्रास्फ्रीति संकेत, विश्व सेयर बजारमा उछाल, अमेरिकी डलरको मूल्य उतारचढाव, आपूर्ति श्रृंखला (Supply Chain) मा अवरोध, लगायतका परिस्थितिले विश्वबजारमा असहज परिस्थिती सिर्जना समेत भएको छ।विभिन्न देशका वैश्विक नीतिहरू, एवं भुराजनीतिक तनावले तेलको मूल्यमा माग र आपूर्ति सामान्य असन्तुलन देखिएको, पेट्रोलियम पदार्थको मूल्य अपेक्षित घट्न सकेको छैन।अमेरिका, चिन, भारत लगायतका देशको भन्सार नीति, कर नीति र निकासी पैठारी सम्बन्ध भएको नीतिगत परिवर्तन समेतले नेपालको अर्थव्यवस्थालाई प्रत्यक्ष एवं परोक्ष ढङ्गबाट प्रभाव पार्दै नेपालको बजारमूल्यमा पनि वृद्धि भएको देखिन्छ।

## १२.सारांश

- आ.व. २०८२/०८३ को असार महिनामा संकलन गरिएका अत्यावश्यक वस्तुहरूको मूल्य सूचीको विश्लेषण गर्दा यस अवधिमा केहि वस्तुको मूल्यमा सामान्यतया वृद्धि भएको, केहि वस्तुको मुल्य स्थिर रहेको र केहि बस्तुको मूल्य न्यून मात्रामा घटेको देखिन्छ।।तुलना गरिएका खाद्यवस्तुको मूल्य हेर्दा बजारको मूल्यमा सामान्यदेखि मध्यम उतारचढाव देखिन्छ। चामल, अण्डा, केरा र चिनीको मूल्य बृद्धि भएतापनि तरकारी फलफूल लगायतका खाद्यवस्तुको मूल्यमा सामान्य उतारचढाव आएको देखिन्छ।
- यस समिक्षा अवधिमा अधिकांश मौसमी तरकारी तथा फलफूलको मूल्य सामान्य थपघट भएको देखिन्छ। समिक्षा अवधीमा गोलभेडा, खुर्सानी, आँप, पिंडालू, रायो र बोडी

तनेको मूल्यमा २५३% देखि १५०% सम्म उतारचढाव आएको देखिन्छ, जसले बजारमा मूल्य अस्थिरतालाई ईङ्गित गर्दछ। यसका साथै समिक्षा अवधीभर च्याउ सिताके, छ्याप्पी हरियो, फर्सी पाकेको, अभोकाडो तामा आदिको मूल्य भने तटस्थ नै देखिन्छ।

- खाद्यान्नजन्य वस्तु उत्पादन हुने समयमा मूल्यवृद्धि अपेक्षित घट्न नसकेको अवस्थालाइ व्यवस्थापन गर्न बेमौसमी कृषि प्रणालीको विकास गर्दै उत्पादन, वितरण र उपभोगलाई नियमन गर्न, बजारको तह धेरै हुँदा विचौलियाको कारण हुन सक्ने मूल्य वृद्धि रोक्न विभागले प्रचलित कानूनको अधिनमा रही नियमित र प्रभावकारी अनुगमन गर्नुपर्ने हुन्छ।
- आ.व. २०८२/०८३ को असार महिना अवधीभर, पेट्रोल, डिजेल, मट्टितेल, ग्याँस र एभिएसन फ्यूलको मूल्य स्थिर नै रहेको छ। पेट्रोलियम पदार्थको मूल्य उच्च वृद्धि भई घट्न नसक्दा उपभोग्य बस्तुको मूल्यमा समेत वृद्धि हुनुका साथै ढुवानी, यातायात र हवाई भाडा समेत चर्को हुन पुगेको छ। पेट्रोलियम पदार्थ एवं ग्याँसको आपूर्ति र वितरण प्रणाली सहज नै रहेको अवस्था छ। लाई थप मार परेको छ। यसबाट समग्र उपभोक्ताहरू महङ्गीको मारमा परेको देखिन्छ।
- आ.व. २०८२/०८३ को असार महिनाभर १ अमेरिकी डलरको न्यूनतम खरिददर रू.१५१.६२ एवं अधिकतम खरिददर रू. १५३.२५ रहेको छ जस अनुसार अमेरिकी डरको खरिद दरमा १.०७% को उतारचढाव देखिएको छ। त्यसैगरी समिक्षा अवधीभर १ अमेरिकी डरको न्यूनतम बिक्रीदर रू. १५२.२२ र अधिकतम बिक्रीदर रू

१५३.८५ रहेको छ, जस अनुसार अमेरिकी डलरको बिक्रीदरमा १.०७% को उतारचढाव देखिन्छ। असार महिना अवधिभर अमेरिकी डलरको खरिद र बिक्री मूल्य निरन्तर ओरालो लागेको छ। यसरी अमेरिकी डलरको उतारचढावले बजार मूल्यलाई समेत प्रत्यक्ष प्रभाव पारेको छ।

## १३. मूल्य विश्लेषणको आधारमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संसक्षण विभागले चाल्नुपर्ने कदमहरूः

बजारमूल्यमा हुने अत्याधिक उतारचढाव तथा कालोबजारी नियन्त्रणका लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले साथै सरोकारवालाहरूले देहायका कदमहरू अवलम्बन गर्दा मूल्य नियन्त्रण तथा उपभोक्ता संरक्षण थप प्रभावकारी हुने देखिन्छ।

- ✓ उपभोक्ता संरक्षण सम्बन्धी प्रचलित ऐन, नियम, निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयन गर्ने,
- ✓ बजार अनुगमन सघन, नियमित, प्रभावकारी एवं प्रदर्शनीय प्रभाव पार्नेगरि सम्पादन गर्ने,
- ✓ सूचनामा आधारित बजार अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने,
- ✓ वस्तु र सेवाको उत्पादन भएको श्रोत, आयात विन्दु देखिनै मूल्यको विश्लेषण गरि विभिन्न तह हुँदै उपभोक्ता सम्म पुग्दाको मूल्य यथार्थपरक रहे/नरहेको विश्लेषण गर्ने,
- ✓ पैठारी, उत्पादन तथा विक्री वितरण गरिने हरेक वस्तुमा अधिकतम खुद्रा मूल्य (MRP) अनिवार्य अंकित गर्ने,

- ✓ सिन्डिकेट, कार्टेलिङ, कालोबजारी जस्ता अपराध माथि शून्य सहनशीलता अपनाई तुरुन्त कारवाहिको दायरामा ल्याई स्वच्छ, मर्यादित र उपभोक्तामैत्री बजार स्थापना गर्ने,
- ✓ पैठारीकर्ता, उत्पादक, वितरक तथा उपभोक्ता सबैले आ-आफ्नो कर्तव्य, दायित्व र अधिकारको परिपालना गर्ने,
- ✓ आम उपभोक्ताहरुमा उपभोक्ता संरक्षण र अधिकारको विषयमा सचेतना फैलाउन विविध चेतनामूलक कार्यक्रम संचालन गर्ने,
- ✓ विभागले आपूर्ति व्यवस्थापनको सूचना चुस्त, दुरुस्त राख्न सूचना प्रविधिको महत्तम उपयोग गर्ने,
- ✓ बजारको तह तथा वितरणका तहहरू निर्धारण गर्ने, तहहरूलाई यथासम्भव घटाउने,
- ✓ वस्तुको आयातमा निर्भर हुनुपर्ने वर्तमान अवस्थालाई न्यून गर्न उत्पादनमा जोड दिने,
- ✓ उपभोक्ता संरक्षणका क्षेत्रमा कार्य गर्ने संघ संस्था, उद्योगी व्यवसायी, वितरक र विभागबीच निरन्तर समन्वय, सहकार्य र अन्तरक्रिया गरि बजारलाई स्वच्छ, मर्यादित र मूल्य नियन्त्रण गर्न ऐक्यवद्ध भएर कार्य गर्ने,
- ✓ तथ्यांकहरू नियमित संकलन, तथ्यांकको वैधता परिक्षण, प्रशोधन गरि नियमित रुपमा प्रकाशन गर्ने, उपभोक्तालाई सूसुचित गराउने तथा तथ्यमा आधारित नीति निर्माणलाई जोड दिने,
- ✓ उपभोक्ता संरक्षणसँग सम्बन्धित सबै सरकारी निकायहरुको नियमित समन्वय, छलफल र बैठक गरि कृतिम अभाव, मूल्य वृद्धि, न्यून विजकीकरण, कालोबजारी नियन्त्रण लगायतका कार्य नियन्त्रण गर्न सहकार्य गर्ने।

*** धन्यवाद ***

## सन्दर्भ सूची


- वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू,
- उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६, नेपाल कानून किताब व्यवस्था समिति।
- बजार अनुगमन निर्देशिका, २०७९, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं।
- आ.व. २०८२/८३ को प्रथम चौमासिक मूल्य विश्लेषण प्रतिवेदन २०८२
- आ.व. २०८२/८३ को बैशाख महिनाको मूल्य विश्लेषण प्रतिवेदन २०८३,
- खाद्य किराना व्यावसायी संघ काठमाण्डौ,
- https://kalimatimarket.gov.np/price
- https://www.nrb.org.np/forex/
- www.noc.org.np/retailprice
- www.kbsnepal.org.np
- http://www.dairydev.com.np/